नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

४ भदौ २०८२ | बुलेटिन संख्या #१८८४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३१ | ३ | ० | १४ | ७,२५,००० | ० | ९ |

## घटना सारांशः

| घटना | जिल्ला | घटना संख्या/विवरण | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| **बाढी** | डोल्पा | शे- फोक्सुन्डो गा.पा.-४ नाम्दोका ९ वर्षिय एक बालकलाई बाढीले बगाई मृत्यु । | १ | ० | ० | जि.प्र.का.बाट बुझ्ने कार्य भइरहेको । |
| **पहिरो** | संखुवासभा | खाँदबारी न.पा.-२ खोरिया टोल स्थित घर भन्दा अं.१०० मिटर माथि रहेको ढुङ्गा झरि सालको रुखमा अड्किएको, उक्त ढुङ्गा तल झरेमा घर पूर्ण रुपमा क्षति हुने संभावना । | ० | ० | ० | प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी ढुङ्गा हटाउनको लागि पहल भइरहेको । |
| | दोलखा | तामाकोशी गा.पा.-४ मालुखोला नजिकै चरिकोट मन्थली सडक खण्डमा माथिबाट ढुङ्गा झरी बाटो पूर्ण रुपमा अबरोध । | ० | ० | ० | प्रचौ किर्नेटारको टोली खटि खुलाउने पहल भइरहेको । |
| | धादिङ्ग | थाक्रे गा.पा-८ चारकिला स्थित पृथ्वी लोकमार्गमा माथिबाट लेदो सहितको पहिरो खसि बाटो दुई तर्फी अवरोध । | ० | ० | ० | JCB बाट पहिरो पन्छाई बाटो सुचारु । |
| | कास्की | अन्नपूर्ण गा.पा.-११ घुर्जुङ स्थित ३ वटा घर मुनिबाट पहिरो गई घरहरु जोखिममा, १३ जनाको परिवार आफन्त र छिमेकीको घरमा गई बसेका । | ० | ० | ० | प्र.चौ.घान्द्रुकको टोली खटि गएको । |
| | रुकुम पूर्व | सिस्ने गा.पा.-६ रानीकोट स्थित मध्य पहाडी लोक मार्गमा माथिबाट पहिरो आई सडक पूर्ण रूपमा अवरोध । | ० | ० | ० | JCB द्वारा पहिरो हटाई बाटो सुचारू । |
| | रुकुम पश्चिम | आठविसकोट न.पा.-१४ पिपलचौर स्थित जाजरकोट डोल्पा भेरी करिडोर सडक खण्डमा माथिबाट पहिरो आई सडक पूर्ण रुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.आठविसकोटको टोली खटि खुलाउने पहल भइरहेको । |
| | सुर्खेत | वीरेन्द्रनगर न.पा.-१४ शिद्धपाईला स्थित दैलेख सुर्खेत सडकखण्डमा माथिबाट ढुङ्गा सहितको पहिरो आई बाटो पूर्ण अबरोध । | ० | ० | ० | जेसिबीले पहिरो हटाई बाटो सुचारु । |
| | कालिकोट | नरहरीनाथ गा.पा.-६ स्थित श्री शान्ति मा.वि. रातेमाटेको नव निर्मित भवन माथिबाट पहिरो आई भवन पुरिइ क्षति । | ० | ० | ० | इ.प्र.का. कुमालगाउँको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जाजरकोट | छेडागाड न.पा.-३ दंखेरी भिर गिट्टिखोला स्थित मध्य पहाडी राजमार्गमा बारम्बार पहिरो आई बाटो अबरोध भएपछि मर्मत कार्य सुरु भएकोले राजमार्ग दिउँसोको समयमा पूर्ण रुपमा बन्द रहने । | ० | ० | ० | - |
| | अछाम | साँफेबगर न.पा.-२ लोली स्थित एक घर पहिरोले भत्किई पूर्ण रुपमा क्षति । | ० | ० | ० | प्रचौ बैद्यनाथको टोली खटिई गएको । |
| | दार्चुला | शैल्यशिखर न.पा.-६ तेरछ्यालेक स्थित गोकुलेश्वर-दार्चुला सडक खण्डमा माथिबाट पहिरो आइ सडक अबरोध । | ० | ० | ० | प्र.चौ. मालिकार्जुनको टोली खटि खुलाउने पहल भइरहेको । |
| **अबिरल वर्षा** | नवलपरासी पूर्व | विनयी त्रिवेणी गा.पा.-२ विश्वकर्मा मन्दिर स्थित पूर्व-पश्चिम राजमार्गमा खाल्डा खुल्डि र चिप्लो भएको कारण सवारी साधनहरु आवतजावतमा समस्या । | ० | ० | ० | जेसिबिको सहायताले खाल्डाहरु पुरि राजमार्ग एकतर्फि सुचारु । |
| | नवलपरासी पूर्व | बर्दघाट न.पा.-१३ पनई स्थित एक घर अबिरल वर्षा र हावाहुरीका कारण भत्किई ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट भटौलियाको टोली खटि गएको । |
| | रोल्पा | रोल्पा न.पा.-८ जंकोट स्थित एक घर अबिरल वर्षाको कारण भत्किई क्षति । | ० | ० | ० | प्र.चौ. माडिचौरको टोली खटि गएको । |
| | कालिकोट | तिलागुफा न.पा.-२ स्थित अबिरल वर्षाका कारण घरको पर्खाल र भित्ता भत्किई क्षति | ० | ० | ० | प्र.चौ.नाग्मगार्डको टोली खटि गएको । |
| | जाजरकोट | नलगाड न.पा.-१२ तल्लो डाँडा स्थित अबिरल वर्षाका कारण श्री बाल ज्ञानज्योती प्रा.बि.को भवन भत्किई क्षति । | ० | ० | ० | इ.प्र.का.रग्दाको टोली खटी गएको । |
| | बाजुरा | हिमाली गा.पा.-३ गुम्बा गाउँ स्थित एक गोठमा बस्दै आएका ७५ वर्षिय एक पुरुष र निजको ७२ वर्षिया श्रीमती गोठ नजिकैको ओखरको रुख वर्षादका कारण ढली गोठमा परी च्यापिई दुवै जना घाइते। | ० | ० | २ | घाईते दुवै जनालाई उपचारको लागि कोल्टी अस्पताल बुढीनन्दा लगीएको । |
| **चट्याङ** | मकवानपुर | मनहरी गा.पा.-६ हाङलाङ स्थित एक घरमा किरिया बसेको घरमा चट्याङ पर्दा ४२ वर्षिय एक पुरुषको घटनास्थलमै मृत्यु, ३ जना पुरुष, २ जना महिला, २ जना बालक र १ जना बालिका गरी ८ जना घाईते । | १ | ० | ८ | प्र.चौ सुनाचुरीको टोली खटि गई घाईतेहरूलाई उपचारको लागि मनहरी अस्पताल मकवानपुर पठाएको । |
| | दैलेख | भैरवी गा.पा.-३ कोइराला गाउँ स्थित एक घरमा चट्याङ पर्दा ३२ वर्षिया एक महिला घाइते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि दुल्लु पठाएको । |
| | दैलेख | भैरवी गा.पा.-३ कराहागाउँ बस्ने १६ वर्षिया एक बालिका घर नजिकै धारामा पानी भर्ने क्रममा उत्तिसको रुखमा परेको चट्याङ लागी घाइते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि दुल्लु पठाएको । |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| **लेक लाग्नु** | मनाङ्ग | चामे गा.पा.-४ लम्जुङ माडाकुनामा ज्याला मजदुरी काम गर्ने रोल्पा हुमा न.पा.-९ का ५० वर्षिय एक पुरुषलाई लेक लागी प्रादेशिक अस्पताल चामेमा उपचार भइरहेकोमा उपचारका क्रममा मृत्यु । | १ | ० | ० | - |
| **आगलागी** | सोलुखुम्बु | नेचासल्यान गा.पा.-२ पँधेरा स्थित एक गोठमा आगलागी हुँदा पराल र दाउरा जली २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | स्थानीयद्वारा आगो नियन्त्रण । |
| | रौतहट | राजदेवी न.पा.-४ गरहिया टोल स्थित एक गोठमा बिद्युतको तार सर्ट भई आगलागी हुँदा गोठसहित भैंसी-१, खसी-२ र बाखा-३ वटा जली १ लाख ८० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.ब्रहमपुरीको टोली र स्थानीय भई आगो नियन्त्रण । |
| | बारा | जितपुर सिमरा उ.म.न.पा.-१९ ईनर्वासिरा स्थित एक गोठमा लामखुट्टे धपाउन बालेको आगोबाट आगलागी हुँदा १ वटा पाडी र ३ वटा बाखाको मृत्यु, १ वटा भैंसी, २ वटा बाखा, ३ वटा खसि घाइते भई १ लाख १० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट ईनर्वासिराको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | ललितपुर | महालक्ष्मी न.पा.-१ इमाडोल स्थित एक घरमा इनार सफा गर्ने क्रममा इनारको ग्यासमा अचानक आगलागी हुँदा २१ र २२ वर्षका दुईजना पुरुष घाईते । | ० | ० | २ | घाईते दुवैजनालाई उपचारको लागि किष्ट अस्पताल लगीएको । |
| | नवलपरासी पश्चिम | रामग्राम न.पा.-६ पोखरापाली स्थित एक गोठमा मच्छड भगाउन झारपातमा आगो लगाउदा अचानक गोठको छानोमा आगो सल्किई ४५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | जि.प्र.का.को टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | नवलपरासी पश्चिम | सरावल गा.पा.-७ मुजरहिया स्थित एक घरमा आगलागी हुँदा २० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | स्थानीयद्वारा आगो नियन्त्रण । |
| | रुपन्देही | लुम्बिनी साँस्कृतिक न.पा.-७ भैसहिया स्थित हार्डवेयर पसलमा अचानक आगलागी हुँदा ९५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | स्थानीय र प्रहरीको सहयोगमा आगो नियन्त्रण । |
| | पाल्पा | तानसेन न.पा.-७ गाईधारा माझिटोल स्थित एक गोठमा अचानक आगलागी हुँदा धान, पराल, घाँस जली क्षति । | ० | ० | ० | प्र.चौ.बर्तुङको टोली र स्थानीय भई आगो नियन्त्रण । |
| **जनावर आक्रमण** | झापा | दमक न.पा.-१ बुद्धटोल स्थित जंगली हात्ती आई एक भान्सा घर भत्काई चामल खाई ५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट फाल्गुनन्दको टोली खटि गएको । |
| **जम्मा संख्या** | | **३१** | **३** | **०** | **१४** | |

❖ *नोटः भदौ ३ गते विहान १०:०० बजे देखि ४ भदौ विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः


भदौ ०३ गते बिहान ०८:४५ बजे देखि भदौ ०४ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८२/०५/०४ गते बिहान ०८:४५ बजे ३२४ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ६० र स्वचालितः २६४) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार २०३ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा दार्चुला जिल्लाको दार्चुला केन्द्रमा (७६.२ मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी वर्षा भएको छ।





नक्सा १: भदौ ०३ गते बिहान ०८:४५ बजे देखि भदौ ०४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: भदौ ०३ गते बिहान ०८:४५ बजे देखि भदौ ०४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: भदौ ०२ गते साँझ ०५:४५ बजे देखि भदौ ०३ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १:५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| दार्चुला, कास्की, कैलाली, सुर्खेत | - | - |

तालिका २:२०८२/०५/०४ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८२/०५/०३ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| ५ देखि १० | १ | - |
| १० देखि १५ | ४ | - |
| १५ देखि २० | २५ | २ |
| २० देखि २५ | ३९ | ९ |
| २५ देखि ३० | २१ | २१ |
| ३० देखि ३५ | - | ४४ |
| ३५ देखि ४० | - | १६ |
| जम्मा केन्द्र संख्या (वटा) | ९० | ९२ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २८.३ डि.से / तौलिहवा, कपिलवस्तु | ३७.२ डि.से / लाहान, सिराहा |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | ८.६ डि.से / हुम्दे, मनाङ | १८.५ डि.से / हुम्दे, मनाङ |

नोटः

डि.से. = डिग्री सेल्सियस, मि.मि. = मिलिमिटर

डाटाबेसमा प्राप्त हुने तथ्याङ्कको आधारमा दैनिक रिपोर्टमा प्रयोग हुने केन्द्रको संख्या फरक पर्न सक्नेछ।

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** *www.twitter.com/ndrrma_Nepal* र *www.facebook.com/ndrrma/videos* र *www.youtube.com/NDRRMA* **मा जानुहोस्।**